# स्थानीय तह सदस्य निर्वाचन, २०७९
# पर्यवेक्षण प्रतिवेदन


निर्वाचन पर्यवेक्षण समिति नेपाल (इओसी नेपाल)

बुद्धनगर, काठमाण्डौ-१०

फोन नं.: ०१४७९४५६८, ०१४७९१०४४

eocnepal123@gmail.com

www.eocnepal.org.np

## 1. निर्वाचनको पृष्ठभूमिः

लोकतन्त्रको संस्थागत विकासको लागि अपरिहार्य तत्वको रुपमा लिईन्छ निर्वाचनलाई र त्यसमा पनि स्थानीय तहको निर्वाचनको भूमिकालाई सर्वोपरी स्थान उपलव्ध छ । त्यो किनपनि भने स्थानीय तहको निर्वाचनमा शासकीय शत्ताको तल्लो तहसम्म गएर लोकतन्त्रको अभ्यास गरिन्छ । नेपालमा आएको ऐतिहासिक परिवर्तन संघीय लोकतान्त्रिक गणतन्त्रको घोषणा र त्यस मातहतको नेपालको संविधान २०७२ ले प्रदान गरेको विकेन्द्रित शासन प्रणालीको संरचनात्मक व्यवस्थावमोजिम २०७४ नेपालमा पहिलो संघिय, प्रान्तिय र स्थानीय तहको निर्वाचन सम्पन्न भएको थियो । २०७४ मा निर्वाचित जनप्रतिनिधिहरुले विधानतः एक कार्यकाल सम्पन्न गरिसक्ने भएको हुँदा यस वर्ष पुनः तीनै तहको लागि निर्वाचन गरिनु पर्ने वाध्यात्मक अवस्था रहेको छ ।

यसै सिलसिलामा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनापछि दोस्रो स्थानीय तहको निर्वाचन यहि ३०, बैशाख  २०७९ (१३ मई २०२२) का दिन ७७ जिल्लाका ७५३ स्थानीय तहमा एकै चरणमा सम्पन्न भयो । यो निर्वाचनले स्थानीय तहमा ३५,०४५ (निर्वाचन आयोग मितिः २०७९/०१/१६ को विज्ञप्ति अनुसार) जनप्रतिनिधिहरुलाई निर्वाचित गरेको छ ।

## २. निर्वाचन सम्वद्ध ऐन कानूनहरुः

सम्पन्न निर्वाचनको व्यवस्थापन नेपालको संविधानको अधिनमा रही, निर्वाचन आयोग ऐन, २०७३, मतदाता नामावली ऐन, २०७३, मतदाता नामावली सम्वन्धी नियमावली, २०६८, राजनीतिक दलसम्वन्धी ऐन, २०७३, निर्वाचन आयोग ऐन, २०७३ तथा नियमावली, २०७३, स्थानीय तह निर्वाचन ऐन, २०७३, स्थानीय तह निर्वाचन नियमावली, २०७३, निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३, लगायत निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७८, निर्वाचन आचारसंहिता २०७८, स्थानीय तह निर्वाचन (मतदान) निर्देशिका, २०७८ ले कानूनी संरचनामा आधारित भएर राजनीतिक दलहरु, नागरिक समाज र आम मतदाताहरुको सकृय सहभागिताको अपेक्षा गर्दछ ।

## ३. निर्वाचन घोषणाः

२०७४ को निर्वाचन तीन चरणमा गरेर सम्पन्न गरिएको थियो । पहिलो चरणको निर्वाचन वैशाख ३१ गते भएको थियो , दोश्रो आषाढ १४ गते भएको थियो भने तेश्रो चरणको निर्वाचन आश्विन २ गते भएको थियो । यस हिसावले पदावधि गणना गर्दा तेश्रो चरणमा निर्वाचित हुने प्रतिनिधिहरुको कार्यकाल आश्विनमा मात्र सकिने हुन्छ । यदि वैशाखमा निर्वाचन गर्ने हो भने आश्विनमा निर्वाचित हुने पदाधिकारीहरुले पूरै कार्यकाल सम्पन्न गर्न पाउने अधिकारबाट बञ्चित भईन्छ भन्दै सम्वैधानिक व्यवस्था र स्थानीय तह निर्वाचन ऐनले व्यवस्था गरेको कानूनी प्रावधान प्रतिकुल भएको भन्दै विवाद सिर्जना भएको थियो । संविधानको धारा २२५ ले "गाउँ सभा र नगर सभाको कार्यकाल निर्वाचन भएको मितिले पाँच वर्ष हुनेछ । त्यस्तो कार्यकाल समाप्त भएको ६ महिना भित्र अर्को गाउँ सभा र नगर सभाको निर्वाचन सम्पन्न गर्नुपर्नेछ" भन्ने व्यवस्था रहेको छ । साथै स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ५५ बमोजिम "गाउँ सभा वा नगर सभाको कार्यकाल समाप्त हुनुभन्दा अगाडि निर्वाचन भएकोमा निर्वाचन हुँदा कायम रहेका सदस्यको कार्यकाल समाप्त भएको भोलिपल्टको मितिमा नयाँ निर्वाचित सदस्य निर्वाचित भएको मानिनेछ" ।

उपरोक्त प्रावधानहरुलाई आधार मानेर विवाद निरुपणको लागि भन्दै कुनै एक पक्ष सर्वोच्च अदालतमा निवेदन लिएर गएको भएता पनि अदालतबाट यस सम्वन्धमा कुनै निर्णय आएको देखिएन । यहि विवादहरुकै बीच राजनीतिक दल सम्वद्ध पक्षहरुले तिनै तहको निर्वाचन एउटै समयमा गर्ने राय सहित निर्वाचन परसार्न प्रयास समेत गरेको देखिएको भएता पनि यिनै विवादहरुकाबीच निर्वाचन आयोगको सुझावबमोजिम सरकारले बैशाख ३० गते स्थानीय तहको निर्वाचन एकैचरणमा गर्ने गरी मिति घोषण गरेको थियो ।

## ४. निर्वाचन पर्यवेक्षणको तयारी तथा पर्यवेक्षकहरुको तैनाथि:

७७ वटा जिल्लामा नै निर्वाचनको पर्यवेक्षण गर्ने गरी तयारी गरिएको भएतापनि निर्वाचन आयोगले तोकेको न्यूनतम शैक्षिक मापदण्डको कारणले ३ जिल्लाका पर्यवेक्षकले अन्तिम अवस्थामा आएर आफ्नो परिचयपत्र प्राप्त गर्न नसकेको हुँदा ७४ जिल्लामा मात्र पर्यवेक्षक खटाउन सम्भव भएको थियो । ७७ वटै जिल्ला मध्ये ४० जिल्लामा लामो समयको लागि र बाँकि ३४ जिल्ला सहित ७७ वटामा छोटो समयको लागि पर्यवेक्षकहरु नियुक्त गरिएको थियो । लामो समयको लागि नियुक्त पर्यवेक्षकहरुलाई प्रत्यक्ष तालिम र ७७ वटै जिल्लाका छोटो समयको लागि तोकिएका पर्यवेक्षकहरुको लागि जुम मिटिङ मार्फत भर्च्यूयल तालिम प्रदान गरिएको थियो ।


निर्वाचनमा मतदानको लागि तोकिएको समय बिहान ७ बजेदेखि सुरु भई बेलुका ५ बजेसम्म निर्दिष्ट मतदान केन्द्रहरुमा निर्वाचनको प्रकृया, तटस्तता, निश्पक्षता र निर्वाचनसंग सम्वद्ध अन्य प्रचारप्रशार लगायत सुरक्षाको व्यवस्थापन सम्बन्धमा समेत अवलोकन तथा पर्यवेक्षणको लागि यस संस्थाको तर्फबाट ७४ वटा जिल्लामा ४०३ जना राष्ट्रिय पर्यवेक्षकहरु र अन्य बुद्दिजीवीहरुको समेतको सहभागितामा पर्यवेक्षण टोली विधिवतरुपमा परिचालन गरिएको थियो ।

## ५. पर्यवेक्षण उद्देश्य:

- मूलभूतरुपमा संविधान प्रदत्त लोकतान्त्रिक अधिकारहरु प्रयोगको लागि आवधिक निर्वाचन, त्यसको प्रकृया, सहभागिता तथा निर्वाचन सम्वद्ध सञ्चालन विधि र प्रयासहरुले लोकतन्त्रको संस्थागत विकासमा पुर्‍याउने योगदान,
- मानवअधिकारको विश्वाव्यापि घोषणाको सम्मान,
- नागरिक तथा राजनीतिक अधिकारको अन्तराष्ट्रिय अनुवन्धको सम्मान,
- निर्वाचनको प्रकृया, तटस्तता, निश्पक्षता,
- निर्वाचनमा समावेसिता, र सहभागिता
- निर्वाचनको सर्वस्विकार्यता र
- प्रचारप्रशार लगायत सुरक्षाको व्यवस्थापन सम्बन्धमा समेतको अवलोकन तथा पर्यवेक्षण ।

## ६. पर्यवेक्षक परिचालन:

निर्वाचनको लागि यस संस्थाको तर्फबाट ७४ वटा जिल्लामा ४०३ जना राष्ट्रिय पर्यवेक्षकहरु र अन्य स्वतन्त्र बुद्दिजीवीहरु समेत सहभागितामा गरिएको स्थलगत पर्यवेक्षणवाट प्राप्त भएको प्रारम्भिक जानकारी एवम् विश्लेषणबमोजिम् निर्वाचन अपेक्षाकृतरुपमा अनुमान गरिएको भन्दा केहि फरक तर सापेक्षितरुपमा शान्तिपूर्ण वातावरणमा सम्पन्न भएको देखिन्छ साथै यो निर्वाचनमा आम मतदाताहरुले उत्साहपूर्वक सहभागिता जनाएको समेत देखिएको थियो ।




**७. पर्यवेक्षणको विधिः**

निर्वाचनमा पर्यवेक्षणको विधिमा प्रत्यक्ष अवलोकन विधि र तथ्याङ्कीय विधि गरी दुई तरिकाहरुलाई अवलम्वन गरिको थियो । निर्वाचनमा निर्वाचन आयोगले तोकेको निर्वाचन आचारसंहिताको पर्यवेक्षण प्रत्यक्ष दृष्टि (*First Hand Observation*) अर्थात पर्यवेक्षकले आफ्नै आँखाले देखेर अनुभुत गरेको दृश्य, घटना र तथ्यमा आधारित भएर अन्य विषयहरुको सम्वन्धमा प्रश्नावली, सम्वाद तथा अध्ययनको लागि (Empirical data collection) रहेका छन् ।

**क. तथ्याङ्क संकलनः**

- निर्वाचन क्षेत्रको प्रत्यक्ष अवलोकन, तथा घटना विवरणहरु सङ्कलन,
- मतदान पश्चात उम्मेद्वार र मतदाताहरुसँग सम्वाद,
- निर्वाचन प्रचारको सिलसिलामा भएको अनुमानित खर्चको आवश्यक तथ्याङ्क सङ्कलन,
- स्थानीय स्वयम्सेवकहरुसँग सम्पर्क तथा समन्वय र सूचना सङ्कलन,
- स्थानीय सञ्चार माध्यमहरुसँग समन्वय तथा सम्पर्क,
- निर्वाचन कार्यालय, तथा स्थानीय प्रहरी प्रशासनसँग समन्वय तथा सम्पर्क,
- अन्य पर्यवेक्षण गर्ने संघसंस्थाहरु नियोक, जियोक, इन्सेक, संकल्पलगायतका पर्यवेक्षकहरुसँग सम्पर्क, र
- सम्वन्धित निर्वाचन अधिकारीहरुसँग सम्पर्क ।

**ख. तथ्याङ्कको अनुवाद र विश्लेषणको विधिः**

- उपलब्ध तथ्याङ्कहरुको विश्लेषण गर्नको लागि निम्न आधारहरु लिईएका छन् ।
- निर्वाचनसँग सम्वद्ध कानुनी प्रकृयाहरु पूरा गरिएका छन् कि छैनन्,
- निर्वाचनका सबै पक्षहरुमा समान सहभागिताको लागि कुनै वाधा अवरोधहरु थिए वा थिएनन्,
- समावेशिता, लैङ्गिक विभेद वा शारिरीक असक्ततामा विभेदलगायत जातीय, क्षेत्रीय वा अन्य कुनै प्रकारका विभेदहरु थिएनन् भन्ने सुनिश्चितता,
- निर्वाचनमा नागरिक तथा राजनीतिक अधिकारहरुको सुनिश्चितता,
- संविधान प्रदत्त नागरिकको मौलिक हकहरुको प्रयोग र मानवअधिकारको हनन, लगायतका विषयहरु सहित निर्वाचनमा सम्वद्ध पक्षहरुबाट निर्वाचन आचारसंहिताको उल्लंघन भए वा भएनन् भन्ने विषयहरुलाई समावेश गरिएका छन् ।

**ग. विश्लेषण तथा प्रस्तुतिकरणः**

- पर्यवेक्षकहरुबाट उपलब्ध गराईएका विषयगत तथा वस्तुगत विवरणहरुलाई त्यसको वैधता सम्बन्धमा अरु उपलब्ध प्रकृयाहरुद्वारा त्यसको आधिकारिकता र सत्यता परीक्षण गरी तथ्याङ्कहरुको विश्लेषण गरिएका छन् ।
- प्रत्यक्ष देखेर अनुभुत गरिएका दृष्य तथा सूचनाहरुलाई पुष्ट्याँई गर्ने आधारहरु समेतको आधारमा पर्यवेक्षण प्रतिवेदन विश्लेषणसहित तयार गरिएकोले यसमा व्यक्तिगत आग्रह पूर्वाग्रहको मात्रात्मक त्रुटिलाई अति न्यून गरिएको छ ।
- प्रस्तुतिकरणमा विषयगत विवरण, तथ्याङ्कको विश्लेषण, विज्ञहरुको अभिमतसहित समस्याहरु र समाधानका लागि सुझावहरु समेत समावेस गरिएका छन् ।
- तथ्याङ्कहरुको विश्लेषण गर्दा निम्न विषयहरुलाई प्राथमिकतासाथ पृष्टभूमिमा राखिएको छ ।
  क) निर्वाचनको स्वतन्त्रता, ख) निश्पक्षता तथा तटस्थता, ग) निर्वाचन अवधि र समय निर्धारण, घ) विश्वसनीय निर्वाचन पद्धती, ङ) निर्वाचनसम्बन्धी कानून तथा नियमहरु, च) निर्वाचनको सारभूत तत्व र कानुनीदण्ड तथा उपचार, छ) अन्य महत्वपूर्ण सवालहरु, ज) निर्वाचन व्यवस्थापनमा भौतिकरुपमा देखिएका कमिकमजोरीहरु, र झ) मतदान पछिको स्थिति मूल्याङ्कन ।

**८. निर्वाचनका सबल पक्षहरुः**

- यस निर्वाचन प्रणालिको सबल पक्षमा समावेशिता र सहभागितालाई लिन सकिन्छ,
- लोकतन्त्रलाई सवलिकरण गर्ने निरन्तर प्रयासमा यो निर्वाचन प्रणाली सहायक छ,
- मतदाता नामावलीमा नाम भएको व्यक्तिलाई परिचयपत्र नभएपनि नागरिकता प्रमाणपत्रको आधारमा मतदान गर्ने व्यवस्था गरिएको,
- मतदाता शिक्षामा हुने खर्चमा मितव्ययी बनाउन प्रयास गरेको,
- कम विवाद हुनु,
- उत्साहजनक सहभागिता,
- निर्वाचन आयोगले आचारसंहिता अनुगमनका लागि वडादेखि प्रदेशसम्म अनुगमन टोलिको गठन गरेको,
- राजनीतिक दल, सञ्चार तथा अन्य अधिकार प्राप्त वरिष्ठ नेता तथा अधिकारीहरुलाई आचारसंहिताको उल्लंघनप्रति सतर्क गराउँदै कतिपय अवस्थामा स्पष्टिकरण समेत सोधिएको थियो,

- केहि छिटपुट घटना भएपनि मानवीय क्षतिसम्वन्धी अप्रिय घटनामा कमि आएको,
- प्राकृतिक वातावरणीय प्रभावप्रति समयमा नै ध्यान आकर्षण हुनु र सोहिवमोजिम व्यवस्थापनको लागि निर्देशन दिईनु,
- अधिंकाश मतदान केन्द्रहरु मतदातालाई पायक पर्ने ठाउँमा भएको,
- स्थानीय तहको लागि भएको २०७४ को निर्वाचनमा भन्दा पालिकाहरुको प्रमुख पदमा सामान्य बढि महिला उम्मेद्वारहरु निर्वाचित भएको पाईयो,
- महिलाहरुको नेतृत्व गर्ने क्षमतामा विकास भएको पाईयो,
- सर्वदलीय सहमतीबाट विवाद निरुपणको उपाय अवलम्वन गर्नु,
- कुनै कुनै स्थानमा प्राथमिक उपचारका सामग्रीहरु राखिएको पाइयो, र
- कुनै कुनै स्थानमा स्यानिटाईजर र मास्कको व्यवस्था गरिएको पाईयो ।

## ९. निर्वाचनमा आचारसंहिताको पालनाः

निर्वाचनको दिन निर्वाचन पर्यवेक्षणको लागि खटिएका पर्यवेक्षकहरुले प्रतिवेदन गरेवमोजिम् आचारसंहिता उल्लंघनका निम्न प्रतिनिधि घटनाहरुलाई यहाँ प्रतिवेदनको रुपमा उल्लेख गरिएको छ ।

- ठूला आकार झण्डा र प्रचार सामाग्रीको प्रयोग भएको,
- पञ्चेबाजा सहितको झाँकी प्रयोग गरिएको,
- मोटरबाइक ऱ्याली भएको,
- बालबालिकाहरुको प्रयोग भएको,
- रुख र निजी घरमा पोष्टर टाँसेको,
- उम्मेदवारको लागि तोकिएको संख्याभन्दा बढि सवारी साधनको प्रयोग गरिएको,
- भारतीय नम्बर प्लेटको गाडीको समेत प्रयोग देखियो,
- मुसहर, दलित तथा पिछडिएको समुदायलाई आर्थिक सहयोगको प्रलोभनमा पारी मतदातालाई आफ्नो पक्षमा प्रभावित बनाउने प्रयास गरेको पाइयो,
- सार्वजनिक स्थल, सडक, विद्युतीय खम्बामा प्रचारप्रसारका समाग्री झण्डा, पर्चाहरु राखिएका थिए,
- उम्मेदवारहरुले कार्यकर्ताको खानाको बहानामा भोजको आयोजना गरेका थिए,
- चुनाव सामग्रीको सामाजिक सञ्जालमा पोष्ट गर्ने गरेको पाइयो,
- मौनअवधिमा भोट माग्ने गरेका थिए,
- चुनाव चिह्न अंकित लोगो र स्टीकर कमै मात्रामा प्रयोग गरेका थिए,
- पर्साको बीरगंज वडा नं. २ मा जसपाका उम्मेदवारले आफ्नो चुनाव चिन्ह छाता नै वितरण गरेपछि भएको विवाद पछि प्रहरीको नियन्त्रणमा आयो,
- निर्वाचन प्रचारप्रसारको सिलसिलामा निर्वाचन आयोगले निर्धारण गरेको खर्चको सीमालाई कुनै पनि उम्मेदवार तथा राजनीतिक दलहरुले पालना गरेको देखिएन,
- प्रचारप्रशारको लागिउम्मेद्वारले सय, पचास जनाको लावालस्कर लिएर घरदैलो कार्यक्रममा जाने प्रवृति तथा प्रचलन देखियो ।

## १०. निर्वाचनमा हुने खर्चः

निर्वाचनमा हुने खर्च सम्वन्धी अध्ययन निर्वाचन पर्यवेक्षण समिति नेपाल (इओसी नेपाल) ले २०७४ को संघीय, प्रान्तीय तथा स्थानीय निर्वाचनमा गरेको थियो र त्यसैको निरन्तरता रुपमा यस निर्वाचनमा पनि त्यसलाई निरन्तरता दिने प्रयास गरिएको छ । निर्वाचन आयोगले राजनीतिक दलहरुसँगको समन्वयमा नै निर्वाचन अभियानमा हुने खर्चहरुको सीमा निर्धारण गरेको छ । पर्यवेक्षणको सिलसिलामा राजनीतिक दल तथा उम्मेदवारहरुले गरेको खर्चको अनुमानित विवरणहरुको अध्ययन तथा अनुसन्धान गर्ने कार्य गरिएको छ । यसको परिमार्जित र परिस्कृत तथ्याङ्क आउन अझै केहि समय लाग्ने छ । तर प्रारम्भिक अध्ययन अनुसार निर्वाचन आयोगले तोकेको खर्चको सीमाभन्दा बढी नै खर्च गरेको देखिन आएको छ ।



### स्थानीय तह निर्वाचनमा उम्मेदवारले गर्न पाउने खर्चको हद (रुपैयाँमा)

| क्र.सं. | खर्च शीर्षक | महानगरपालिका | | उपमहानगरपालिका | | नगरपालिका | | गाउँपलिका | | जिल्ला समन्वय समिति | | नगर कार्यपालिका गाउँ कार्यपालिका सदस्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रमुख, उपप्रमुख | वडा अध्यक्ष र वडा सदस्य महिला र दलित वा अल्पसङ्ख्यक सदस्य | प्रमुख, उपप्रमुख | वडा अध्यक्ष र वडा सदस्य महिला र दलित वा अल्पसङ्ख्यक सदस्य | प्रमुख, उपप्रमुख | वडा अध्यक्ष र वडा सदस्य महिला र दलित वा अल्पसङ्ख्यक सदस्य | अध्यक्ष, उपाअध्यक्ष | वडा अध्यक्ष र वडा सदस्य महिला र दलित वा अल्पसङ्ख्यक सदस्य | प्रमुख, उपप्रमुख | सदस्य महिला र दलित वा अल्पसङ्ख्यक सदस्य | महिला, दलित र अल्पसङ्ख्यक समुदायबाट |
| १. | मतदाता नामावली खरिद | १,०००।- | ५००।- | १०००।- | ५००।- | १०००।- | ५००।- | १०००।- | ५००।- | | | |
| २. | सवारी साधन/घोडा | १,५०,०००।- | ३०,०००।- | १,१०,०००।- | २०,०००।- | ९०,०००।- | १६,०००- | ६०,०००।- | ११,०००।- | | | |
| ३. | सवारी इन्धन/दाना | ४०,०००।- | १५,०००।- | २६,०००।- | १५,०००।- | १९,०००।- | ११,०००- | २०,०००।- | ५,०००।- | | | |
| ४. | प्रचार प्रसार सामग्री | १,०००००।- | १,०००००।- | ८५,०००।- | ३५,०००।- | १०००००।- | ७,०००००- | ८०,०००।- | ६०,०००।- | | | |
| ५. | ढुवानी | २५,०००।- | १०,०००।- | १५,०००।- | ८,०००।- | १०,०००।- | ७,०००- | ६,०००।- | ५,०००।- | | | |
| ६. | गोष्ठी/कार्यकर्ता परिचालन | १,३९,०००।- | ७५,०००।- | १,००,०००।- | ६५,०००।- | ८०,०००।- | ५१,०००- | ८०,०००।- | ३२,०००।- | एकमुष्ठ ५०,०००।- | एकमुष्ठ २५,०००।- | एकमुष्ठ २५,०००।- |
| ७. | अन्य प्रचार प्रसार, (छापा एवम् विद्युतीय माध्यम) | ९५,०००।- | २०,०००।- | १,००,०००।- | १५,०००।- | ६०,०००।- | १०,०००- | ३०,०००।- | ७,०००।- | | | |
| ८. | कार्यालय सञ्चालन | १,००,०००।- | २०,०००।- | ४०,०००।- | ६७,०००।- | ३०,०००।- | १२,०००- | १८,०००।- | १०,०००।- | | | |
| ९. | प्रतिनिधि परिचालन | ७५,०००।- | २५,०००।- | ६०,०००।- | २०,०००।- | ५०,०००।- | १८,०००- | ४५,०००।- | १६,०००।- | | | |
| १०. | विविध | २५,०००।- | ४,५००।- | १३,०००।- | ४,५००।- | १०,०००।- | ४,५००- | १०,०००।- | ३,५००।- | | | |
| | जम्मा | ७,५०,०००।- | ३,००,०००।- | ५,५०,०००।- | २,५०,०००।- | ४,५०,०००।- | २,००,०००।- | ३,५०,०००।- | १,५०,००० | ५००००।- | २५,०००।- | २५,०००।- |

## ११. पर्यवेक्षणका विषयवस्तुहरु तथा निर्वाचनमा नैतिकता/तठस्थतताका आधारहरुः

निर्वाचनमा हुने प्रतिश्पर्धामा उमेर पुगेका सबै आकांक्षिहरुले सक्रिय सहभागिता गर्न पाउने अवसरको व्यवस्था सिर्जना गर्नु आवश्यक पर्दछ । लोकतन्त्रको अभ्यास गर्दैगर्दापनि सामाजिक या राजनीतिक रुपमा कुनै समूह बहिष्करणमा परेको छ भने निर्वाचनको तठस्थता, नैतिकता, पारदर्शिता, स्वच्छता र इमान्दारितामा प्रश्न खडा गर्दछ । तसर्थ, कानुनी आधारको निर्माण र विवाद निरुपणको लागि आवश्यक आधारहरु तयार गर्दै गर्दा पनि सुक्ष्मरुपमा निर्वाचनको स्वतन्त्रताको लागि केही आवश्यक तत्वहरु छुट्न गएका हुन सक्दछन् । अतः निम्न चक्रमा उल्लेखित आधारहरुले पूर्णता पाएका छन् या छैनन् भनी सुनिश्चितता गर्ने आधार भनेको निर्वाचन पर्यवेक्षण नै हो ।




## १२. पर्यवेक्षणको सिलसिलामा देखिएका समस्याहरुः

- निर्वाचनसंग सम्बन्धित् छरिएर रहेका कानूनहरु एकिकृत रुपमा एकठाउँमा नहुँदा तिनीहरुको व्याख्या तथा व्यवहारमा एकरुपता नदेखिदा समस्या देखियो,
- निर्वाचन ऐनले स्थानीय तहको निर्वाचन कहिले, कसरी गर्ने भन्ने सम्बन्धमा स्पष्टरुपमा निर्वाचन आयोगलाई पूर्ण अधिकार नहुँदाको अवस्थामा अव्यवस्ताको सम्भावना अधिक पाइयो,
- स्पष्ट कानूनको अभावमा एकैचरणमा सम्पन्न गर्नु पर्ने वा बहुचरणमा सम्पन्न गर्नुपर्ने स्पष्ट व्यवस्था नदेखिएको पाइयो,
- आचारसंहिता उल्लंघन विरुद्धको प्रभावकारी कानूनी आधार हुँदाहुँदैपनि दण्डहिनताको अवस्था देखिएको साथै दण्ड सजायको लागि भागिदार नगराइएको अवस्था पाइयो,
- परिचयपत्रका लागि फोटो खिचिसकेका व्यक्तिको मतदाता नामावलीमा नाम छुटेको पाइयो,

- बाबुको र छोराको थर फरक देखिंदा विवाद हुने गरेको पाइयो,
- परिचयपत्र दुईपटक वितरण गरिएको र सिलसिलेवार नम्बर नमिलेको पाइयो,
- हराएका परिचयपत्रहरुको सम्बन्धमा मतदानको समयमा नागरिकता वा नागरिकताबाट पनि मतदान गर्न दिएको तर नागरिकता प्रमाणपत्र नम्बर खुलेका अन्य सरकारी परिचयपत्रलाई मान्यता नदिएका कारण मताधिकारबाट बन्चित भएको समेत देखियो ।
- मतदाता शिक्षा निर्वाचन आयोग तथा राजनीतिक दलहरु दुवैको प्राथमिकतामा पर्न नसकेको, जसको कारणले बदर मतको संख्या बढ्न गएको अनुमान गरिएको,
- मतपत्र ठूलो भएको कारण, ठूलो संख्यामा मत बदर हुनु, मतदान गर्न धेरै समय लाग्नु र जनताले आफ्नो मतको प्रयोग गर्न लगाएको समय र अधिकार सदुपयोग नभएको,
- मतदाता शिक्षा मतदानस्थलमा दिने भनिएकोमा विविध कारणहरुले गर्दा मतदानस्थलमा मतदाता शिक्षा सञ्चालन गर्न नसकिएको साथै निर्वाचन अधिकृत स्वयम् यस विषयमा स्पष्ट नभएको ।
- कानूनले महिलाको प्रतिनिधित्व सुनिश्चितता गरेको भएतापनि कानूनमा भएको छिद्रलाई प्रयोग गरी राजनीतिक गठबन्धनको कारणले प्रमुख पदमा महिलाहरु उम्मेदवार हुनबाट बञ्चित भएको पाइयो,
- दलित समुदायका उम्मेदवारहरुनै उल्लेख्य संख्यामा उपलब्ध हुन सकेको देखिएन,
- समानुपातिक लिष्टमा नाम भएर पनि नहटाइएका व्यक्ति उम्मेदवार हुँन चाहँदा उक्त प्रावधान वाधकको रुपमा देखियो र तोकिएको समयभित्र नामांकन दर्ता हुँन नसकेको तर पछि नाम दर्ता भएको देखियो ।
- आचारसंहिता बाध्यतावश नभई नियतवश सचेतरुपमा स्वच्छन्दतापूर्वक उल्लंघन गर्ने प्रवृति संस्कारको रुपमा विकसित हुँदै गएको देखिन्छ,
- यस पटक सहरी क्षेत्रमा भन्दा ग्रामिण क्षेत्रमा आचारसंहिता उल्लंघनका घटना बढी भएको पाइयो,
- सामाजिक सञ्जालहरुको प्रयोग/दुरुपयोगको सम्बन्धमा प्रभावकारी सुपरिवेक्षण तथा अनुगमन गर्न प्रयाप्त श्रोत र साधनको प्रयोग गरिएको नदेखिएको,
- भड्किलो प्रचारशैलीमा निरन्तरता दिंदा निर्वाचन खर्च नियन्त्रण गर्न कठिन हुन्छ,
- निर्वाचन अभियानको लागि तोकिएको खर्च रकमको सीमा व्यवहारिक नभएको अनुभव गरियो ।
- संवेदनशील क्षेत्रको नाममा बढी सुरक्षाकर्मीको परिचालनले मतदातामा एककिसिमको भय सिर्जना भएको ।
- कतै कतै शारिरीक अशक्त मतदाताहरुलाई मतदान गर्नमा धेरै कष्टको सामना गर्नु परेको अवस्था,
- कुनै कुनै मतदान स्थलमा मतदाताप्रतिको व्यवहार, कर्मचारीहरुका बिचमा समन्वय, तथा व्यवस्थापनको सवालमा एकरुपता पाइएन,
- कुनै कुनै मतदान केन्द्र साँगुरा भएका कारण समयमै मतदानमा कठिनाई भई बढी समय लागेको पाइयो ।
- मतदानस्थलमा भिडभाड नियन्त्रण गर्न, साथै भौतिक दुरी कायम गर्न, उपाय अवलम्वन गरिएको देखिएन,
- सबै मतदान केन्द्रमा स्वास्थ्य सुरक्षाका उपाय अपनाइएको पाइएन,
- सबै मतदान केन्द्रहरुमा हेल्थ डेस्कको व्यवस्था देखिएन,
- नेपालका ग्रामिण बस्तीहरुका महिला मतदाताहरुमा चतेनाको अभाव (निर्वाचन शिक्षा)ले स्वतन्त्र र आफुखुसी आफ्नो छनोटको उम्मेदवारलाई मत प्रदान गर्ने अवस्था अझैपनि नरहेको देखियो ,
- दलीय स्वार्थमा सहयोगी मताधिकारको दुरुपयोग भएको पाइयो,
- कतिपय केन्द्रमा विवादको कारणले मतदान स्थगन गर्नु परेको अवस्था पाइयो,

- मतगणनामा गर्दागर्दै उमेदवारका प्रतिनिधिहरुले अनेक झमेला खडा गरी अवरोध सिर्जना गर्न कोशिस गरेको पाइयो ।

## १३. निरुपणकालागि उपाय तथा सुझावहरुः

**क) आचारसंहिता सम्बन्धमा**

- आचारसंहिताको व्यापक उल्लंघनलाई रोक्न स्थानीय तहको सहभागितामा सरल, संक्षिप्त र व्यवहारिक आचारसंहिता निर्माण गर्नुपर्ने आवश्यक देखिन्छ ।
- उम्मेदवारहरु घरदैलो कार्यक्रममा सय/पचास जनाको लावालस्कर लिएर जाने र उनीहरुको लागि खाजा, र खाना लगायतको व्यवस्था गर्न पर्ने भएकोले तोकिएको सिमित खर्चको प्रावधान भित्र रहेर चुनाव प्रचार गर्न सम्भव देखिदैन । अतः घरदैलोमा लावालस्कर लिएर जाने प्रचलनलाई निरुत्साहित गर्न सिमित संख्यामा प्रचारक (Volunteer) राख्ने व्यवस्था गर्नुपर्ने,

**ख) मतदाता शिक्षा सम्बन्धमा**

- मतदाता शिक्षा र नागरिक शिक्षालाई नागरिक शिक्षाको अभिन्न अंग बनाउनकालागि माध्यामिक तहको पाठ्यक्रममा समावेश गरी अतिरिक्त कृयाकलापको रुपमा सञ्चालन गर्ने,

**ग) मतदाता नामावली सम्बन्धमा**

- निर्वाचन पर्यवेक्षणको सिलसिलामा मतदाता नामावलीमा मृत्यु भईसकेका मतदाताहरुको नाम समेत यथास्थितिमा देखिएको, दोहोरिएको र सो को अनधिकृत प्रयोग गर्न प्रयाससमेत गरेको देखिंदा, मृत्यु भएका मतदाताहरुको नाम मतदाता नामावलीबाट हटाई अद्यावधिक गर्नुपर्ने,

**घ) मतदानस्थल सम्बन्धमा**

- मतदान अधिकृतले मतदान केन्द्रको छनौट तथा निर्माण गर्दा विशेष ध्यान दिनुपर्ने देखिन्छ,
- बृद्ध, असहाय, दुर्बल, बिरामी र शारिरीक असक्त मतदाताहरुको लागि मतदानस्थलमा विशेष हेरचाहको व्यवस्था मिलाउनु पर्ने,
- मतगणना स्थलको संख्या बढाउनुपर्ने

**ङ) मतपत्र सम्बन्धमा**

- लामो, ठूलो, र धेरै चिन्हहरु भएको मतपत्रको कारणले मतदाताहरुलाई असुविधा परेको र मत बदरको संख्या बढी हुनुमा यसैलाई प्रमुख कारक तत्वकोरुपमा मानिएको हुँदा भोटिङ मेसिनको प्रयोग गर्ने सम्वन्धमा सम्भवाव्यता अध्ययनसहित अन्य विकल्पको समेत अध्ययन गरिनु आवस्यक छ,
- मतपत्रमा उम्मेदवार नभएका व्यक्तिको चुनाव चिह्न हटाई, मतपत्रहरु सातवटा प्रदेशस्थित निर्वाचन आयोगको कार्यालयबाट छाप्ने व्यवस्था मिलाउन पर्ने । यसो गर्दा मतपत्र सानो हुनेछ, ढुवानी सरल हुन्छ, भोट बदर हुने सम्भावना न्यून हुन्छ र समग्रमा निर्वाचन खर्चमा कमि आउछ ।

**च) समावेशिता तथा सहभागिता सम्बन्धमा**

- प्रमुख तथा उपप्रमुख मध्ये १ जना महिला हुनुपर्ने कानुनी व्यवस्थामा थप परिस्कृत तथा परिमार्जन गर्न आवश्यक देखिएको हुँदा यथाशिघ्र कानुनी सुधारको पक्षमा जानुपर्ने,
- समावेशितामा नाम भएको कारणले गर्दा उम्मेदवारी दर्ता गर्नमा विलम्ब हुन गएको र विवाद सिर्जना हुँदा उक्त कानूनी व्यवस्था अव्यवहारिक देखिएकोले संसोधन गरिनु आवश्यक छ,
- महिला प्रतिनिधित्वको लागि बाधक कानुनी छिद्रहरुको निरुपण गर्ने, यसको लागि राजनीतिक दलहरुलाई महिला प्रतिनिधित्वको लागि वढी जवाफदेहि बनाउने,

**छ) सुरक्षा सम्बन्धमा**

- म्यादी प्रहरीको स्थानमा छोटोसमयको लागि सुरक्षा स्वयम्सेवकको व्यवस्था गर्नु उपयुक्त हुने ।

**ज) स्वास्थ्य सम्बन्धमा**

- सबै निर्वाचन क्षेत्रहरुमा स्वास्थ्य केन्द्र रहेको नै हुँदा मतदानस्थलमा हेल्थ डेस्कको व्यवस्थापन गर्नु पर्ने,

**झ) मतगणनास्थल तथा मतगणना सम्बन्धमा**

- मतपरिणाम आउन धेरै नै समय लाग्ने भएको हुँदा, मतदान केन्द्रमै मतगणनाको व्यवस्था मिलाउनुपर्ने,

**ञ) सामाजिक सञ्जाल प्रयोग सम्बन्धमा**

- सामाजिक सञ्जालको प्रयोगमा केहि छाडापन देखिएको र प्रचारबाजी (Propoganda) सामाग्रीको प्रयोगसमेत भएको पाईएको हुँदा यस किसिमको छाडा प्रवृत्तिलाई नियन्त्रणको लागि प्रविधिकै सहायताले अनुगमन, नियन्त्रण तथा दण्ड व्यवस्थालाई प्रभावकारी बनाईनु पर्ने,

**ट) विविधः**

- निर्वाचन मिति घोषणा भएपछि कुनै कारणवस मतदानको दिन उपस्थित हुन नसक्ने अवस्था हुनेहरुको लागि विशेषगरी मतदान दिन भन्दा अगाढि विदेश जाने, बृद्ध, अपाङ्गहरुको सुविधाको लागि पूर्वमतदान (Early Voting system) को व्यवस्था मिलाउने,
- दृष्टिविहिन, शारिरीक अशक्त, बृद्ध, रोगीहरु स्वयम्ले मतदान गर्न असक्त भई सहयोगी माग गरेमा मतदान अधिकृतले एकाघरका सदस्यलाई त्यस्तो सहयोग गर्न स्विकृति दिने (Assist Vote) प्रावधानको नियतवश दुरुपयोग गरेको पाइयो । यस प्रावधानको प्रभावकारी प्रयोगको लागि निर्वाचन नियमावलीमा पुनरावलोकन आवस्यक देखिन्छ,
- विदेशमा भएका मतदाताहरुको लागि मतदानको अधिकार प्रयोग गर्न पाउने सुनिश्चितताको लागि आधुनिक सूचना प्रविधिको उचित प्रयोग गर्नेतर्फ सोच्नु पर्ने,
- सर्वोच्च अदालतले समेत निर्णय गरिसकेको आधारमा राइट टु रिजेक्ट अथवा नो भोटलाई स्थायीरुपमा मतपत्रमा समावेश गर्न आवश्यक पहल गर्ने,
- यो पटकको निर्वाचनमा कुनै कुनै उम्मेदवारले प्रयोग गरेको राष्ट्रिय झण्डाको विषयलाई लिएर विवाद उत्पन्न भएको पाइएकोले राष्ट्रिय झण्डा प्रयोगको सम्बन्धमा निर्वाचन आयोगले तत्कालको लागि आवश्यक नीति निर्माण गर्नुपर्ने देखिन्छ ।

**पर्यवेक्षण गर्न खटाइएका पर्यवेक्षकहरुको विवरण**

| समूह | संख्या | प्रतिशत |
|---|---|---|
| आदिवासी र जनजाती | 50 | 12.41 |
| खस, आर्य | 268 | 66.50 |
| थारु | 11 | 2.73 |
| दलित | 27 | 6.70 |
| मधेसी | 45 | 11.17 |
| मुसलमान | 2 | 0.50 |
| **जम्मा** | **403** | **100** |

| लिंग | संख्या | प्रतिशत |
|---|---|---|
| पुरुष | 247 | 61.29 |
| महिला | 156 | 38.71 |
| **जम्मा** | **403** | **100** |

| | |
|---|---|
| **अपांग** | 7 |
| **प्रतिशत** | 1.74 |